साना किसान विकास बैंक लि.को प्रकाशन

# साना किसान

द्वैमासिक

वर्ष-७, पूर्णाङ्क ७, २०६८ जेष्ठ - असार

यस अंकमा

४ हजारबाट ४० लाख ................. २
बसुन्धराको जिन्दगी बदलियो .......... ५
अनुसरण कार्यक्रम हस्तान्तरण ........ ६
विभिन्न सहकारी अवलोकन ........... ६
पशुपालन कर्जा कार्यक्रम ................ ७
फुसको घरबाट पेट्रोल पम्पसम्म ....... ८

## सहकारीमार्फत मुलुकको उन्नति सम्भवः उपप्रधान एवं अर्थमन्त्री भरत मोहन अधिकारी

झापा, १५ असार । यहाँको पृथ्वीनगर गाविसका साना किसानहरुद्वारा निर्माण गर्न लागिएको साना किसान सहकारी चिया कारखानाको उपप्रधान एवं अर्थमन्त्री भरतमोहन अधिकारीले एक समारोहबीच शिलान्यास गर्नुभयो । सो शिलान्यास कार्यक्रममा श्री अधिकारीले व्यक्त गर्नु भएका विचारहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

“तपाई साना किसानहरुले सहकारी मार्फत चिया उत्पादन गरी अब एउटा कारखाना खोल्ने जस्तो महत्वपूर्ण कामको थालनी गर्नु भएको छ । मैले आजलाई आफ्नो जीवनको महत्वपूर्ण दिनको रुपमा लिएको छु र साँच्चै नै आफूलाई गौरभान्वित महसूस गरेको छु। म राजनीतिमा लागेको ५९ वर्ष भयो। गरीब किसानको आन्दोलनमा लागेको व्यक्ति हुँ म । जबसम्म गाउँ बन्दैन र किसान अगाडि बढ्दैनन् तबसम्म देश अगाडि बढ्दैन वा उँभो लाग्दैन भन्ने मेरो दृढ मान्यता र विश्वास छ। हामी सबै जुट्यौं र सहकारीमा हिड्यौं भने कारखाना खडा गर्न कसैको हात थाप्न नपर्ने एवं हरियोपत्ति बिक्री गर्न ठूला बडाको चाकडी कहिल्यै पनि गर्नु नपर्ने स्थिति बनाउन सक्छौं भन्ने अठोट र दृढ संकल्प लिएर यो कारखाना स्थापनामा तपाईंहरु लाग्नु भएको छ। त्यसमा झन् मलाई नै आज त्यसको शिलान्यास गर्ने मौका दिनुभएकोमा तपाईंहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

अहिले भर्खर साना किसान सहकारी संस्था लि. पृथ्वीनगरले गरेका क्रियाकलापहरुको बारेमा सुन्ने-हेर्ने मौका पाएँ, धेरै काम गर्न सकेको देखें, वास्तवमा मेरो सपना पनि त्यहि नै हो र यसपाली बजेटमा ल्याउन खोजेको कुरा पनि त्यहि नै हो । गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी भन्ने नारालाई सार्थक बनाऔं । जबसम्म कृषि उत्पादन बढ्दैन तवसम्म किसानको जीवनस्तर सुधार हुँदैन र देशले समृद्धि हासिल गर्दैन ।

जुन जुन बेला मलाई सरकारमा जाने मौका मिल्यो- हरेक बखत मेरो केन्द्रभूमि र केन्द्रीय धारमा गाउँ नै रह्यो । आफ्नो गाउँ आफैं बनाऔं र वृद्ध भत्ताको कार्यक्रम ल्याएको तपाईंहरुले बिर्सनु भएको छैन होला । अब हामी देशमा उत्पादन बढाउनेतर्फ नलागी नहुने भएको छ । हामीले भारतबाट



पृथ्वीनगरमा सहकारी चिया कारखानाको शिलान्यास गर्दै उपप्रधान तथा अर्थमन्त्री

पोहोर साल मात्र १५ अर्बको मासु आयात गरेर खानु पर्‍यो । भारतबाट तरकारी किनेर ल्याउनुपर्छ । चीन र भारतबाट फलफूल ल्याउनु पर्दछ । दूध र दुग्ध पदार्थ विदेशबाट आयात गर्नु पर्दछ । यहाँ माथि ईलाम, पाँचथर र ताप्लेजुङ्गमा अलैंची फल्छ, जसको माग विश्वभरि छ । तर, हाम्रो अलैंचीमा

(क्रमशः पेज ३ मा)

## दसौं बैंक दिवशमा प्रमुख कार्यकारी अधिकृतको मन्तव्य



श्री जलन कुमार शर्मा
प्रमुख कार्यकारी अधिकृत

१. साना किसान विकास बैंक स्थापनाको दसौं वार्षिकोत्सवको अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी हामीलाई नेपालको गरीबी न्यूनिकरण अभियानमा लाग्न थप हौसला प्रदान गर्न पाल्नु हुने प्रमुख अतिथिज्यू लगायत अन्य अतिथिज्यूहरुलाई स्वागत गर्न पाउँदा हर्ष लागेको छ ।

२. संस्थापक शेयरधनीका रुपमा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक, नबिल बैंक र २१ वटा साना किसान सहकारी संस्थाहरुको सामूहिक प्रयासबाट २०५८ साल अषाढ २२ गते यस बैंकको स्थापना भएको हो । अधिकृत पुँजी रु. २४ करोड, जारी पुँजी रु. २० करोड भएको यस बैंकको हाल चुक्ता पुँजी रु. १२ करोड ८८ लाख रहेको छ । शेयरधनी साना किसान सहकारी संस्थाहरुको संख्या हाल २३१ भन्दा बढी भइसकेको छ भने उक्त चुक्ता पुँजीमा संस्थाहरुको शेयरको हिस्सा ६० प्रतिशत रहेको छ । निकट भविष्यमा रु. ६ (छ) करोड राशीको शेयर सर्बसाधारणमा जारी गर्ने र बाँकी रकम संस्थापकहरुलाई थप गर्न लगाई रु. २० करोड चुक्ता पुँजी पुर्‍याउने लक्ष रहेको छ ।

(क्रमशः पेज ४ मा)

## हाम्रो अनुरोध

साना किसान विकास बैंकद्वारा प्रकाशित यो द्वैमासिक पत्रिकाले लघुवित्त तथा सहकारी विकासमा संलग्न भएका संघ/संस्था, विज्ञ र जिज्ञासुहरुसम्म बैंकका क्रिाकलापहरुका साथै लघुवित्त क्षेत्रका राष्ट्रिय/अन्तर्राष्ट्रिय गतिविधिहरु पुऱ्याउन प्रयत्न गर्नेछ । यस पत्रिकामा प्रकाशित सामग्रीले लेखकको निजी विचार र अवधारणालाई स्वतन्त्रता पूर्वक प्रतिबिम्बित गर्ने भएकोले उक्त विचारहरु प्रति यस बैंकको सहमति /असहमति रहेको भन्ने अर्थ लाग्ने छैन ।

लघुवित्तको साझा विचार मञ्चको रुपमा प्रकाशन गरिने यस पत्रिकामा लघुवित्त सम्वन्धि खोज, अनुसन्धान, विचार, अनुभव, उपलब्धी, रोचक प्रसंग वा समाचार पठाई सहयोग पुऱ्याइदिन सम्पूर्ण विज्ञ, लेखक, लघुवित्तकर्मी र पाठक वर्ग समक्ष अनुरोध गर्दछौं ।

**साना किसान विकास बैंक लि.**
सुविधानगर, तिनकुने, काठमाडौं
पो.व.नं. २१९५६
Email : skbbl@wlink.com.np

## प्रमुख सल्लाहकार
श्री खेम बहादुर पाठक

## संरक्षक
श्री जलन कुमार शर्मा

## सम्पादक
श्री झलेन्द्र भट्टराई

## प्रकाशक
साना किसान विकास बैंक लि.
फोन नं. ०१-४१११९२३/४१११७५२
फ्याक्स ०१-४१११९०१


## सम्पादकीय

### कृषि, युवा, सहकारी र अनुसरण

जनसंख्याको अधिकांश हिस्सा कृषिमा नर्भर रहेर पनि कृषिमा आधारित उत्पादनहरुको ठूलो परिमाण आयात गर्नु पर्ने अवस्थामा हाम्रो राष्ट्र पुगेको छ। यो बिडम्बना कृषि कार्यमा मानिसहरु नलागेर उत्पन्न होईन, कृषिको व्यावसायिकरण, आधुनिकीकरण, पूर्वाधार एवं सहयोगको अभावले यो केवल निर्वाहमुखी बाध्यतामा सिमित हुन पुगेकोले प्रकट भएको हो। युवापुस्ताले कृषिमा आकर्षण देखेका छैनन् र छिमेकीमुलुकहरुमा जस्तो कृषिमा किसानको प्रतिस्पर्धात्मक क्षमता विकास हुनेगरी राज्यको संरक्षण पनि कम रहेको छ। किसानहरु व्यावसायिक रुपमा संगठित छैनन्। त्यसैले राज्यले प्रदान गर्ने सहयोग प्रभावकारी रुपले पुऱ्याउन पनि कठिन छ।

किसानहरुको स्थानीय रुपमा बलियो व्यावसायिक संगठन सहकारी नै हुन सक्दछ। पर्म, पैंचो र पारस्परिक सहयोगको नेपाली संस्कृतिले सहकारिता विकासका लागि आधारभूमि दिइसकेको छ। सहकारिता विकासका लागि सीप र क्षमता अभिवृद्धि गराउन सक्ने हो भने प्रत्येक किसान सहकारी सदस्य हुनेछन्। सबै गाउँमा किसानहरुको सहकारी बन्ने छ। सहकारी खेती प्रणालीको विकास हुनेछ। कृषि उपजलाई प्रशोधन गर्ने प्रविधि र बजार व्यवस्थामा सरकारले सहयोगको वातावरण निर्माण गरिदिएमा किसानहरुले मूल्यश्रृंखलामा ठूलो हिस्साको लाभ लिन सक्नेछन्।

युवाशक्तिलाई स्वदेशमै उत्पादन कार्यमा लाग्ने वातावरण बनाउन साना किसान सहकारीको प्रयास एक उदाहरण हुन सक्छ। हाम्रै देशमा राम्रा कुराहरु छन् भने अनुसरण गर्नलाई बाह्य कुराहरुको मात्र सिको गर्न आवश्यक नहोला कि! अस्तु।

# गङ्गा मुखिया : ४ हजारबाट ४० लाख


गङ्गा मुखिया

uEt dlvotsf] hGd l;/txt lhNntsf] xl/gu/t ufpB{sf] ul/a / clzlIft kl/jf/df @)@) ;fn j}zfv ! ut]ePsf]xf]. pgsf bO{lbblalxgL, bO{ bfheO / aafcfdf 5g\. ;fgf ls;fg ;dXdf kj}z ugk'{{pgsf] kl/jf/df @ 5f]L / ! 5f]f lyP . ;Vb bfDkTo hLjg latfpg] OR5f u/] pgn] >ldtLsf] kl/jf/ lgofhg u/fP, t/ pgsf 5f]fsf] d[o'eOlbPsfn] pgL bMvL ag]. 5f]fsf] rfxgfn] pgn] bf];[]ljjfx u/]. sfG5L >ldtLaf6 # 5f]f / ! 5f]L hlGdP . o;/L pgsf] kl/jf/ * hgfsf] eof].

k}f sdfpg ljb}z hfg]eg] pgn]kf;kf6{agfP, t/ jb]zs bnfnaf6 pgL 7luP . afh}sf]kfnfdf hf}B}sf]# ljufx !) sYf hUuf pgsf afah]ufB vfP/}udf0;s]sfn]pgL Hofnfbf/L u/L hLjgofkg ug{yfn]. pgsL cfdf bd /f]un]u|t lyOg\. aaf uB8L lyP . kl/jf/ clzlIft lyof]. hUufhldg lyPg . clnclncl/ lrg}sfn]pgn]uf= lj= ;= sf] kl/r/df sfd ug{yfn].

;fgf ls;fg ljsf; cfofhgf nldLk'dfkm{ ;~rfnt ;+yfut ljsf; sfo{qmddf pgL @)%) ;fn ;fpg @$ ut] ;dX () -xfn ;dX %#_ df kj}z u/]. hUufhldg gePsfn]^ dlxgfsf nflu pgnf0{ k/lIf0fsfndf /flvof] . ^ dlxgfkl5 cfkmgf bfh'sf] hUuf /fvL C0f ln0lbg cg'/f]w ubf{ bfhh] gdfg]kl5 dfh] ;dXsf] bfloTjdf ¿= $ xhf/ C0f lnP . clg lhNnf s[if ljsf; sfof{no l;/fxfåf/f lb0Psf] & lbg] df5fkfng tyf g;{l tflnd lng pgL kmQk'/ uP . ToxL $ xhf/ ¿kofF];/sf/L P]hfgL hUufdf vfN8]vgL sdg hftsf] df5fsf] e'/f pTkfbg u/L To;af6 pgn]@) xhf/ cfdbfgL u/]. kmN/ pgn]$ j6f kf]v/L c¿af6 ln0{df5f kfNg yfn]. pgn]b/eËf uP/ ;f9]tLg lsnf]df5fsf]aRrf # xhf/df lsg] / # dlxgfkl5 To;af6 !& xhf/ cfdbfgL u/]. To;kl5 uf) lj) ;) c¢tu{sf 7'hf ;/sf/L kf]v/L # jif{Dd ls:tfaGbL ¿kdf ¿= &) xhf/df 7]sf ln0{To;af6 ;fgf ls;fgaf6 lnPsf]C0f / Aofh rQmf u/]. pgn] kmN/ ;fgf ls;fgaf6 !) xhf/ C0f lnP/ kf]v/L 7]sfdf ln0{df5fkfng ug{yfn]. df5fkfngdf nugzLn ePsfn]lhNnf s[ifljsf; sfof{no l;/fxfn] pgnf0{ dT:okfng tflnddf kmQk'/, t/x/f, e}/xjf, kf]v/f, hgsk'/ cflb 7fpB{ k7fpgsf ;fy}@* lbg]/fli6«o e]n0fdf klg ;xeflug u/fP . pgn]% dlxg]df5fkfng tflnd ln0{ljz]if 1fg xfl;n u/].

pgn] cf^g} ufpB{ ( sYf hldg lsgL df5fkfng ;'¿ u/]. o;af6 :kmn gePkl5 pgn] Tof] hldg a]r]/ ef/tsf] kflbdf eGg] 7fpB{ uO{ bO{hgfsf] ;fem] bf/Ldf ;f9] kfF ljufx hUuf ef8fdf lnP/ !! nfv nfutdf df5f kmd{ ;'¿ u/]. k'/fgf] C0f rQmf u/L yk #) xhf/ ;fgf ls;fgaf6 / gkU /sd ufpBaf6 lnP/ pgn] ef/tdf @^ j6f / gkfndf * j6f kf]v/L 7]sfdf lnP . b'j}7fpB{ u/L nueu $) nfvsf] nfutdf clxn] pgsf] kl/ofhgf ;~rflnt 5 . c¿sf] v]tdf Hofnf u/L sdfpg] pgn] clxn] !% hgf sd{rf/L /fv] df5fkfng u/}sf 5g\ / jflif{s !% nfv tna afB5g\.

@)%) ;fndf $ xhf/ C0f lnP/ Joj;fo ;'¿ u/}sf{df To;af6 pgn] $) nfv agfP . pgL df5fkmd{sf dflns 5g\ ef/tdf klg kl/oft 5g\. pgn]5f]f5f]Lnf0{/fd|f]ljBfnodf k9fPsf 5g\. pgL ;dod}C0f / Aofh ltb{cfPsf 5g\. ;fgf ls;fgaf6 @)–@% k6s ;Dd C0f lnP/ pgn]cf^gf] cfly{s cj:yf ;an agfPsf xg\. pgL ;+yfut sfo{qmd nfu"ePkl5 xfn;Dd ;~rfns ;ldtsf] ;b:osf ¿kdf sfd ub}5g\. clxn]pgsf]art lgs}ePsf]5 . pgn]# nfvsf b/n]& sYf / ! nfvsf b/n]!# sYf u/L ! laufx hUuf lsg]sf 5g\ * nfvsf]nfutdf $ sf]7]kSsL 3/ agfPsf 5g\. pgn]! nfv ^% xhf/df df6f]/;fO{sn lsg]sf 5g\ %) xhf/sf]bWfn'e}+L kfn]sf 5g\. >ldtL– >ldtLsf]gfpBf ef/tlo aldf ;+yfgdf ! s/f]8sf] hLjgaldf u/fPsf 5g\.

hUuf g} gePsf uËf dlvofh:tf ls;fgn] nugzLntf / Odfgbf/Lsf sf/0f $ xhf/af6 Joj;fo ;'¿ u/] $) nfv k'mofPsf] pbfx/0f xfd|f] ;+yf;F 5 . ;fgf ls;fg s[if ;xsf/L ;+yfsf]dd{/ efgfnf0{cfTd;ft ub}{To;}g';f/ sf]cfr/0f u/] pgL o; lg|df ;a}sf cfbz{ag}sf 5g\/ pgn] JolQmut hLjg klg ;kmn agfPsf 5g\.

k|tlt ‖ pk|]bsdf/ ofbj
;fgf ls;fg s[if ;xsf/L ;+yf ln=
ljiOfk'/, l;/fxf

(पेज १ को बाँकी)



रोग लागेको छ, हेर्ने मान्छे छैन । किसानहरुले कफी उत्पादन गर्दछन् त्यसलाई बजारीकरण वा उत्साहित गर्नेतर्फ कसैको सहयोग हुदैंन, छैन ? यो कस्तो विडम्बना वा सञ्चालन व्यवस्था हो ? हाम्रा किसान गरीब हुँदै जाने, हाम्रो खेत बाँझो हुँदै जाने र हरेक कुराको लागि अरुमाथि आश्रित हुनुपर्ने-यो के भयो ? हाम्रा छोराछोरी नाति-नातिनालाई विदेश पठाउने, उनीहरुले दुःख गरेर पठाएको पैसाबाट हाम्रो देश चलाउने, अनि मन्त्री भएर हिँड्ने बानी हाम्रो रहयो। यस्तो विडम्बनामा आज हामी आइपुगेका छौं। यसैलाई परिवर्तन गर्न मैले यसपालिको बजेट मार्फत आर्थिक संकल्प गर्ने विचार गरेको छु। यसपालीको प्रि-बजेट छलफलमा उठाई सकेको र आगामी बजेटमा ल्याउन खोजेको मुख्य कुरा के हो भने हामी तीन वर्षमा खाद्यान्न र कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन चाहन्छौं ।

उत्पादन गर्ने कस्ले ? धनीले पनि गरुन् । यसमा मेरो समर्थन छ र रहने छ। नेपालमा महिलाहरु जागिसकेको कुरा यहाँ सहकारीमा आवद्ध महिलाहरुको उपस्थितिले देखाएको छ । म धेरै ठाउँमा सहकारीमा गएँ, मैले देखें महिलाहरुले चलाएको सहकारी सफल हुँदो रहेछ । महिलाहरु चुलोचौकामा मात्र सीमित र घरमात्र राम्रो चलेको होइन रहेछ, सहकारी पनि राम्रो चलाउने क्षमता महिलामा हुँदो रहेछ । महिला अगाडि बढ्नुहोस्, सहकारी चलाउनुहोस् । सरकारले तपाईंहरुलाई पूरा साथ दिन्छ । हाम्रो नेपालमा ठूलो जनसमुदाय गरीब छ। जोसँग जमिन छैन, सम्पत्तिको स्रोत छैन, ती ग्रामीण महिला पनि गरीब नेपाली नै हुन्, त्यो कमैया पनि नेपाली नै हो, ती कमलरीहरु पनि नेपाली नै हुन्, गाउँका गरीब किसानहरु, सुकुम्बासी, ती सबै नेपाली नै हुन् । सबैलाई हामीले संगठित गरेर उत्पादन कार्यमा लगायौं भने ती पनि बेजोड उत्पादक शक्ति हुन सक्छन् । गरिब साना किसानहरु पनि मिलेर संगठित भई गर्न खोज्दा चिया कारखाना पनि बनाउन सकिँदो रहेछ । यो दुनियाँले देख्ने कुरा भएकोले पृथ्वीनगरको आँट र प्रण सन्देशको रुपमा अन्य गा.वि.स.हरुमा यसरी जाओस् कि हामी गरिब साना किसानहरु मिलेर सहकारी चलायौं भने ठूला ठूला काम गर्न पनि सक्षम हुनेछौं । तपाईहरुलाई थाहा नै होला, हिन्दुस्तानको जयपुरमा महिलाहरुको सहकारीले लिज्जत पापड उत्पादन गरी कत्रो आम्दानी गरेका छन् ।

मैले भन्न खोजेको मूल कुरा तपाईंहरु गाउँ गाउँमा सहकारी चलाउनु होस् । खसी बोका पाल्नुहोस्, जडीबुटी खेती गर्नुहोस्, कफी, चियाखेती गर्नुहोस् । पाँचथर इलाममा अलैंचीको खेती गर्नुहोस् या इलाममा चियाको खेती गर्नुहोस् या जहाँ जे को बढी सम्भावना छ त्यो गर्नुहोस् । त्यस्तो गर्नेहरुको लागि स्रोतको दुःख हुने छैन । तपाईंहरु संगठित हुनुहोस् र उत्पादन बढाउने किसिमले महिलाहरुले तरकारीको सहकारी बनाएर तरकारी खेती गर्नुहोस् । तपाईंहरुलाई सस्तो ऋण उपलब्ध गराउन हामी व्यवस्था गर्दछौं । अहिले साना किसान विकास बैंक धेरै अघि बढिसकेको छ । यसमा मेरो पूरा समर्थन छ। मैले उहाँहरुलाई गाउँका किसानहरुलाई संगठित गराई समूहमा आवद्ध गराएर सहकारी मार्फत उत्पादन कार्यमा लगाउनूस् भनेको छु। तपाईंहरुलाई ऋण प्रवाह गर्नका लागि पैसाको कमि हुन दिईने छैन र मैले त्यसलाई सुरक्षित गरेको छु। जो सँग ठूला धनीहरुको जस्तो पूँजी छैन, ठूलो सम्पत्ति छैन, ठूला बैंकहरु छैनन् । तर यिनीहरुलाई संगठित गर्‍यौं भने तपाईंहरुको पछाडि आज त यस्तो विशाल शक्ति रहेछ ।

काठमाडौंमा मैले सहकारी बैंकलाई पनि सहयोग गर्न खोजिरहेको छु । अरु विभिन्न माध्यमबाट यसपाली युवा स्वरोजगार कार्यक्रम व्यापक रुपमा अगाडि बढाउन खोजेका छौं । युवा स्वरोजगार कार्यक्रम मार्फत गाउँ गाउँमा युवाहरुलाई आफैं स्वरोजगार हुने किसिमले तालिम, शिक्षा दिने, आर्थिक सहयोग गर्ने दिशा शुरु गर्नुहोस् । त्यसलाई सहयोग गर्न हामी कोशिस गर्दैछौं । त्यसैले युवा स्वरोजगार कार्यक्रम बढाउन खोज्दैछौं ।
आज म यहाँ आउँदा कोशी छेउछाउ ठूलो पानी पानी परेको र मौसम खराब भएकोले उदयपुरमा बस्नुपर्‍यो । जसले गर्दा समयको अभाव भएको ले यतिखेर लामो बोल्न चाहन्न । किनभने अहिले बोल्ने होईन, गर्ने बेला हो । तसर्थमा तपाईहरु हिम्मतकासाथ लाग्नु भएको छ । अठोट गरेर अगाडि बढ्नुहोस् । तपाईहरुले यो चियाको काम गरेको सन्देश मेची अञ्चलका गाउँमा रहेका सबै दाजु भाई दिदी बहिनीहरुमा पुगोस् । अनि उहाँहरुलाई पनि म भन्छु-तपाईहरुको ठाउँमा जे हुन्छ त्यसलाई उत्पादन गर्न लाग्नुहोस्, चाहिने सहयोग सरकारले गर्दछ । देशमा हामी सबै मिलेर उत्पादन गर्न सक्दछौं । हामीमा जागरुकता, फूर्ति र हिम्मत छ । साधन खोज्ने काम सरकारले गर्दछ, चिन्ता नमान्नुहोस् । यो अठोटका साथ हामी हिडौं ।

जहाँसम्म तपाई साना किसानहरुले यो सहकारीमा चिया कारखाना खोल्न शुरु गर्नुभएको छ, यसमा सरकारको तर्फबाट के के सहयोग गर्न सकिन्छ-म यो तपाईलाई काठमाडौं गएर बताउने छु । यो मेरो जिम्मेवारी पनि हो । म भोलि नेपालभरिका साना किसान, भूमिहीन, सुकुम्बासी र समस्त गरीब तथा पिछडिएका वर्गहरुलाई पृथ्वीनगरको साना किसान सहकारी एउटा मोडेलको रुपमा खडा भएको सुनाउन पाउने आशा राख्दछु ।

तपाईहरुको यो प्रयासमा सरकारले सहयोग गर्दछ भन्ने कुरा म राख्न चाहन्छु । तर, यो सँगसंगै के कुरा पक्का हो भने सरकारले त सहयोग मात्र गर्ने हो, काम त तपाईंहरु आफैंले गर्नु पर्छ । साना किसान विकास बैंकबाट सहुलियत व्याजदरमा ऋण उपलब्ध गराई दिने हो वा अरु प्रकारको सहयोग गर्ने हो त्यो गर्दै जाउँला । आजसम्म कसैले सहयोग नगर्दा तपाईहरु यहाँसम्म आईपुग्नु भयो। मैले अहिले पृथ्वीनगरको साना किसान सहकारीले गरीब विपन्न र महिलाहरुलाई समेटेर बाखा र बंगुर पालेको देखें, गाई पालेको देखें, तरकारी र चिया खेती गरेको देखें, घरेलु उद्योग चलाएको र पशुपालन गरेको देखें, त्यही कुरा हामी मुलुकभर गर्न चाहन्छौं । यही कुरालाई किसानहरुको उच्चतम हितमा र उत्पादन एवं उत्पादकत्व बृद्धि हुने गरी अगाडि बढाऔं । यस कुरामा सरकार तपाईहरुलाई साथ दिन्छ । यिनै शुभकामना राख्दै म तपाईहरुसँग विदा माग्दछु । धन्यवाद ।"

जमीनको उर्वरतामा आएको ह्रास र सिंचाईको अभाव आदिको कारण बैकल्पिक जीवनाधारको रुपमा पृथ्वीनगर क्षेत्रमा साना किसान सहकारी संस्थाको अगुवाईमा साना किसान स्तरबाट वि.सं. २०५३ देखि चिया खेती शुरु गरिएको हो । १४ सय भन्दा बढी साना किसान परिवारहरु आवद्ध भएको उक्त संस्था अन्तर्गतका २०० भन्दा बढी साना किसान परिवारहरुले २०५ बिगाहा भन्दा बढी जमिनमा चिया रोपण गरी बार्षिक २५ लाख ३० हजार के.जी. हरियो चिया उत्पादन गर्दै आएका छन् । हरियो पत्तिको बिक्रीको समस्याबाट अक्रान्त साना किसानहरुले आफ्नै फैक्ट्री भए पछि पत्ति फ्याँक्नु पर्ने र उचित मूल्य नपाउने समस्याबाट मुक्त हुने कुरा उक्त संस्थाका अध्यक्ष देवी प्रसाद कोईरालाले बताउनु भयो । उहाँले गरीब विपन्न साना किसानहरुले निर्माण गर्न लागेको यस कारखानामा सरकारले सहयोग गरिदिन आग्रह गर्दै कारखानाको लागत योजना सहितको प्रस्ताव समेत उपप्रधान एवं अर्थ मन्त्रीज्यू समक्ष पेश गर्नुभयो ।

साना किसान विकास बैंक एंव नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम बहादुर पाठकले नेपालका विभिन्न ४० जिल्लाका ग्रामीण क्षेत्रमा साना किसान एवं विपन्न वर्गलाई सहभागी गराई उनीहरुको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न गतिविधिहरु सञ्चालन गर्दै आएको यो साना किसान सहकारी मोडेल आफैंमा एक आर्थिक रुपान्तरणको बलियो आयाम भएको बताउनु भयो । उहाँले कृषिको व्यावसायिकरण गरी उत्पादकत्व बढाउन कृषि सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिका लागि व्यापक अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउँदै त्यसका लागि सरकारले सहयोग गर्नुपर्ने बताउनु भयो । पृथ्वीनगर का विपन्न, सीमान्त तथा न्यून जमीन भएका साना किसानहरुले विस्थापनबाट जोगिन शुरु गरेको चिया आन्दोलन आज यो रुपमा विकास भई सकेको बताउँदै श्री पाठकले ५ कट्ठादेखि २ बिगाहसम्म चिया रोपण गरी सहकारिताको आधारमा चिया कारखाना निर्माण गर्न चाहने चिया सहकारीहरुलाई कूल लागतको पचास प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराउने नीति ल्याउन सरकारसँग माग गर्नुभयो ।

निर्माण हुने सहकारी चिया कारखानाको लागत रु. छ करोड हुने जसमा स्थिर पुँजी रु. चार करोड ५७ लाख एवं चालू पुँजी रु. एक करोड ४३ लाख आवश्यक पर्ने बताईएको छ । उक्त सहकारी कारखानाको कूल लागत मध्ये रु. एक करोड पचासलाख स्थानीय रुपमा संकलन गरी बाँकी लागत ऋण र अनुदानबाट पूरा गरिने प्रस्तावमा जनाईएको छ ।

(पेज १ को बाँकी)

३. नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था ऐन २०६३ अनुसार यस बैंकले "घ" वर्गको लघुवित्त थोक कर्जा प्रवाह गर्ने बैंकको रुपमा मान्यता पाएको छ। २०६८ जेष्ठ मसान्त सम्ममा यस बैंकले २३५ साना किसान सहकारी संस्था र अन्य समान प्रकृतिका लघुवित्त कारोवार गर्ने १५ वटा सहकारी संस्थाहरु, जसलाई Other MFIs पनि भनिन्छ, मार्फत कार्य गर्दै आएको छ।

४. यस बैंकमा आवद्ध २५० संस्था मार्फत २०६८ जेष्ठ सम्ममा देशको ४० जिल्लाका ३०० भन्दा बढी गा.बि.स.का कुल १ लाख ७६ हजार परिवार सदस्यहरुले सेवा प्राप्त गरिरहेका छन्। यस बैंकसँग कारोबार गर्ने लगभग सबै साझेदार संस्थाहरु सहकारीको संरचनामा रहेकाछन्। यस प्रकार सहकारी मार्फत बिपन्न तथा साना किसानहरुलाई प्रभावकारी ढंगबाट वित्तीय तथा गैर वित्तीय सेवाहरु सशक्त ढंगले संचालन भइरहेको छ। नयाँ व्यवसाय विस्तार गर्ने, क्षेत्र विस्तार गर्ने र यस बैंकको थोक कर्जाको दायरा भित्र अझ बढी निम्न आय भएका व्यक्तिहरुलाई समेट्नु यसको अवसर र चुनौती दुवै भएको छ।

५. यस बैंकसँग कारोवारमा संलग्न भएका संस्थाहरुको सुशासनका लागि नेतृत्वमा महिला र पुरुषहरुको प्रवल सहभागिता जस्ता सवल पक्ष हुन् भने, समूह गठनमा प्रायः महिलाहरुलाई मात्र संलग्न गराउन बढी जोड दिनु यसको प्राथमिकता भएको छ।

६. यस बैंकको थोक कर्जा प्रवाह गर्ने दायरा साना किसान सहकारीहरुका अतिरिक्त लघुवित्तलाई जोड दिई संचालनमा रहेका बचत तथा ऋण क्षेत्रमा कारोबार गर्ने सहकारी संस्थाका अतिरिक्त अन्य लघुवित्त क्षेत्रमा प्रत्यक्ष रुपमा काम गर्ने संस्था र बैंकहरु पनि हुन सक्ने प्रवल सम्भावनाहरु छन्। त्यसतर्फ क्रमशः वृद्धि गर्दै लग्नु पर्ने आवश्यकता देखिएको छ।

७. पहाडी जिल्लाहरु त्यसमा पनि अझ विकट क्षेत्रमा लघुवित्तको कारोवारमा सर्व साधारणको पहुँच एकदमै न्युन रहेको छ। त्यस भेगमा पनि लघुवित्तको कारोबार वृद्धि गर्नु र विस्तार गर्नु आजको प्रमुख आवश्यकता हो। खर्च र आम्दानी बीच सन्तुलन कायम गरी जानु पर्ने यथार्थका आधारमा एउटा राष्ट्रिय नीतिको आवश्यकता देखिन्छ। जसले विकट पहाडी भेगमा पनि संस्थागत ढंगले कार्यक्रम लैजान अभिप्रेरित गरोस्।

८. यस बैंकको १० वर्षको यात्रालाई फर्केर हेर्दा यसका सवल पक्ष बढि र केही कमजोर पक्ष पनि देखा परेका छन्। जसलाई निम्न ढंगबाट हेर्न सकिन्छ।

**(क) सवल पक्ष**

क) साना किसानहरुमा संस्था संचालन गर्ने पक्षमा प्रशस्त सशक्तिकरण भएको छ। आफ्नो संस्था सवल र दिगो ढंगबाट संचालन गर्नु पर्छ भन्ने चेतना आएको छ। वित्तीय ज्ञान, वित्तीय अनुशासनमा धेरै सुधार भएको छ।

ख) औषतमा संस्थाहरु घाटामा चल्नु हुँदैन भन्ने भावना मजवुत हुँदै गएको छ।

ग) स्थानीय पुँजी निर्माण तर्फ, संस्थाको शेयर खरिदमा वृद्धि, वचतमा बृद्धि, ग्राहक/पशुधन सुरक्षण कोष आदीमा वृद्धि भई २०६८ जेष्ठ मसान्तसम्ममा संस्थाहरुको कुल आन्तरिक पुँजी अर्थात स्थानीय बचत झण्डै रु. २ (दुई) अर्ब ४७ करोड पुगेको छ। जुन लघुवित्तको क्षेत्रमा संलग्न संस्थाहरुको लागि गर्वको कुरा हो।

घ) व्याजदरमा स्थिरताः- द्वन्दको समय होस् वा देशमा आर्थिक मन्दीका अवस्थामा होस् साना किसान सहकारी संस्था लि.हरुको कारोवार सधैं सकारत्मक रहदै आएको छ भन्नुमा अतिशयोक्ति हुने छैन किन भने अहिले पनि यी संस्थाहरुले आफ्ना किसानहरुसँग लिने व्याजदर १५-१७ प्रतिशतको हाराहारीमा रहेको छ। लघुवित्तको क्षेत्रमा देशभरिका सम्पूर्ण कार्यक्रमलाई हेर्दा यो व्याजदर एकदमै न्यून हो भन्न सकिन्छ।

ङ) लघुवित्त कार्यक्रममा सञ्चालन खर्च बढी हुन्छ भन्ने मान्यता र यथार्थ पनि छ तर साना किसान सहकारी संस्थाहरुमा औषत सञ्चालन खर्च थोरै अर्थात औषत ३ प्रतिशत वा सो भन्दा पनि कम रहन गएको छ।

च) साना किसान सहकारी संस्थाको विस्तारका लागि बैंकले सञ्चालन गर्दै आएको साना किसान सहकारी अनुसरण (Replication) कार्य निकै प्रभावकारी देखिएको छ। एउटा सक्षम संस्थाले आफ्नो गा.वि.स.का अतिरिक्त छिमेकका अरु गा.वि.स. मा पनि अनुशरण गर्दै आएका छन्। अनुशरणबाट हालसम्म २६ वटा संस्थाको गठन कार्य सम्पन्न भई सकेको छ भने अरु ३९ वटा संस्था निर्माण (अनुशरण) कार्य भइहेका छन्। यसै गरी दुर्गम तथा पहाडी क्षेत्रमा सामुदायिकस्तरमा सञ्चालन गर्ने उद्देस्यले स्थापना भएका ४० भन्दाबढी सामुदायिक सहकारी संस्थाहरुको क्षमता विकास गरी बैंकको कारोवारमा संलग्न गराउने प्रयासहरुको समेत थालनी गरेका छौं। अनुशरण तथा क्षमता विकासको माध्यमबाट आगामी दिनमा बैंकको सेवा बढीभन्दा बढी साना किसानमा विस्तार गर्दै जाने नीति रहेको छ। यसमा नेपाल सरकारको ठूलो सहयोग महत्वपूर्ण रही आएको छ।

छ) यस बैंकको अगुवाईमा नै ऋण कारोवारको अतिरिक्त संस्थाहरुले सामाजिक र सामुदायिक कार्यहरुको सँगसँगै तालिमका कार्यहरु संचालन गरेका छन्।

ज) अधिकांस संस्थाका आफ्नै भवन निर्माण भई सकेका छन्। आफ्नो भवन नहुने संस्थाहरु आफ्नै भवन हुन पर्दछ भन्ने मान्यता राख्दछन्। आफ्नो र मेरो हो भन्ने भावना यसले बढाएको छ।

झ) झण्डै ५० प्रतिशत भन्दाबढी संस्थाहरुले लघुवित्तको Software प्रयोग गरी आधुनिक उपकरणका माध्यमबाट कारोवार गरिरहेका छन्। बैंकको आफ्नै Software तयार हुने स्थितिमा छ।

ञ) नेपालको प्रमुख कृषिमा हुने उत्पादनका स्रोतहरु गाँउमा नै छन्। ती उत्पादनशिल क्षेत्रमा हाम्रा संस्थाहरु कार्यरत छन्। योजनावद्ध ढंगले कार्य गर्न सकेमा गाँउमा पशुजन्य व्यवसाय, वनजन्य व्यवसाय, कृषिजन्य व्यवसाय, मौरी तथा किटजन्य व्यवसाय, पर्यटन व्यवसाय लगायत स-साना लघु उद्यम व्यवसाय जस्ता कार्यक्रमहरु प्रशस्त गर्न सकिने सम्भावनाहरु रहेको छ।

ट) यीनै सम्भावना र संस्थाहरुको कार्यक्रमको स्थलगत अवलोकन पछि बैंकलाई नेपाल सरकारबाट चालु आर्थिक वर्षमा रु. १ (एक) अर्ब राशीको मासुजन्य पशुपालनका क्षेत्रमा लगानी गर्ने गरी ऋण सहयोग प्राप्त भएको छ। नेपाल सरकारबाट पशुपालन कार्यविधि, २०६७ जारी भए पश्चात सोही आधारमा बैंकले आफ्नो पशुपालन कार्यपद्धति तर्जुमा तथा इलाकास्तरमा अभिमुखिकरण कार्य सम्पन्न गरी २०६७ चैत्रको अन्तबाट पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गरेकोमा २०६८ जेष्ठसम्ममा रु. ७६ करोडको पशुपालन ऋणको माग संकलन भई पशुपालक साना किसानलाई लगानी गर्ने गरी बैंकले रु. ६० करोड ऋण स्वीकृत गरी सकेको छ। यस अवधिमा झण्डै आठ हजार साना किसानका हातमा रु. ४० करोड भन्दा बढी कर्जा पुगि सकेको छ।

ठ) नेपाल सरकारको "युवा तथा साना व्यवसायी स्वरोजगार कोष" मार्फत तीन वर्षको अवधि भित्र उपलब्ध गराउने गरी बैंकलाई स्वरोजगार कर्जा लगानी गर्न रकम रु. १ (एक) अर्ब ऋणपुँजी उपलब्ध गराउने सम्बन्धमा बैंक र कोष बिच संझौता सम्पन्न भएको छ। स्वरोजगार कर्जा लगानी गर्न बैंकले फिल्ड तथा केन्द्रस्तरमा सबै पूवार्धार सम्बन्धी कार्य पूरा गरी लगानी गर्ने चरणमा रहेको छ।

**(ख) कमजोर पक्ष**

यो बैंक आजको घडीसम्म आइपुग्दा यसका राम्रा पक्ष मात्र होइन केही कमजोर पक्ष पनि रहेका छन्। जसलाई हामीले पहिचान गरी यी कमजोरी न्यूनिकरणका प्रयास गर्दै आएका छौं।

क. झण्डै २५० भन्दाबढी Partner Organizations सँग वित्तीय कारोवार गर्नु पर्ने भएको हुँदा त्यस्ता Partner Organizations मा भएको मानव संशाधनको विकासमा पनि प्रसस्त ध्यान पुऱ्याउनु पर्दछ भने, आफ्नै बैंकका कर्मचारीहरुलाई समय सापेक्ष तालिम Exposure भ्रमण आदि दिनु पर्ने हुन्छ। जसको लागि पनि आवश्यक श्रोतको कमी रहेको महसुस गरिएको छ।

ख. विभिन्न कारणले समय अनुसार आवश्यकता पर्ने Software र Hardware को व्यवस्था हुन

नसकिरहेको अवस्थामा भर्खर मात्र ADB/M को सहयोगमा बैंकलाई आवश्यक पर्ने Hardware खरिद भई सकेको छ र Software Develop हुने चरणमा छ। अर्थात Software को विकास र Hardware को खरिद समयमै हुन नसक्नु यसको कमजोर पक्ष देखिएको छ।

ग. संस्थाहरुको नियमित रुपमा निरीक्षण र अनुगमन गर्न नसक्नु यसको अर्को कमजोर पक्ष देखिएको छ । यसमा बढि ध्यान केन्द्रित गर्नु पर्ने हामीले ठानेका छौं।

(ग) पुनरसंरचना, प्रतिबद्धता र पुस्कार

९. तर यथार्थमा हेर्दा यस बैंक र यस बैंकसँग आवद्ध संस्थाहरु जो यस बैंकका पनि शेयरधनी हुन्, उनीहरु बीच यो बैंक हाम्रो हो भन्ने भावना प्रचुर मात्रामा रहेको देखिएको छ। एशियाली विकास बैंकको सहयोगमा यस बैंकको प्रथम चरणको पुनरसंरचना कार्य सम्पन्न भई दोस्रो चरणको कार्यक्रम समेत अगाडी बढेको छ। जस अनुसार पहाडी जिल्लाको लागि ऋण प्रवाह गर्न २ मिलियन अमेरीकी डलर राशीको सहयोग प्राप्त हुनेछ।

१०. हाम्रो देशमा केही वर्षदेखि मासुजन्य पदार्थको उपभोगमा बृद्धि हुँदै गएको देखिएको छ । मासुजन्य पदार्थको उत्पादन बढाउन सकेमा मासुको आयात प्रतिस्थापन र साना किसानहरुको आय वृद्धि गर्नमा सहयोग पुग्न गई राष्ट्रीय आयमा सकारात्मक प्रभाव पर्ने भएकाले बैंकले नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन गरेको पशुपालन कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउदै आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने नीति लिएको छ।

११. विगतका वर्षहरु देखि नै यस बैंकले आफ्नो वार्षिक उत्सवको अवसरमा बैंकको ८ (आठ) वटा इलाका कार्यालयहरु मध्ये बार्षिक प्रगति मूल्यांकन (Performance Evaluation) को आधारमा एउटा सर्वोत्कृष्ट इलाका कार्यालयलाई प्रमाणपत्र प्रदान गर्दै आएकोमा यस बर्ष पनि त्यसलाई निरन्तरता दिईएको छ। त्यस्तै साना किसान सहकारी संस्थाहरु मध्ये मुल्यांकनको आधारमा राष्ट्रिय स्तरमा सबैभन्दा उत्कृष्ट भएको एउटा संस्था र बैंकसँग सबैभन्दा बढि आर्थिक कारोबार गर्ने एउटा संस्था गरी ३ वटा संस्थालाई केन्द्रीय स्तरबाट ताम्रपत्र सहित नगद रु. १० हजारका दरले पुरस्कृत गरिने व्यवस्था मिलाइएको छ। त्यस्तै इलाका स्तरमा पनि प्रथम हुने संस्थाहरुलाई यस अवसरमा नगद रु. ५ हजार एवं प्रमाणपत्रबाट उनीहरुको उच्च कार्यको मूल्यांकन गरी पुरस्कृत गरिएको छ। यसरी प्रसंसा पत्र र नगदबाट पुरस्कृत गर्दा मुल्यांकन गर्ने स्पष्ट आधार र अंक निर्धारण गर्ने गरी व्यवस्था मिलाइएको यहाँ अवगत गराउन चाहन्छु।

१२. वार्षिक रुपमा रु. १.५ अर्ब भन्दाबढि थोक कर्जा प्रवाह गर्ने यस बैंक र यस बैंकका शेयर धनी रहेका साना किसान सहकारी संस्थाहरु र त्यसमा आवद्ध भएका विपन्न वर्ग एवं कमजोर आर्थिक स्तर भएका किसानहरुलाई अझ बढि सेवा पुर्‍याउन सकियोस भन्ने अभिप्रायले बैंकले आफ्नो सेवा अझ विस्तार गर्दै लैजान कटिवद्ध र प्रतिवद्ध रहेको छ।

१३. यस बैंकलाई देशको गरिवी न्यूनिकरणका लागि ग्रामीण भेगका साना किसानहरुको जीवनस्तर माथि उठाउन सहयोग पुऱ्याउने नेपाल सरकार, कृषि विकास बैंक, नेपाल राष्ट्र बैंक, GIZ, ADB, नेपाल कृषि सहकारी केन्द्रीय संघ, साना किसान सहकारी संस्थाहरु, ती संस्थामा आवद्ध सदस्यहरु, बैंकका शेयरधनी वित्तीय संस्थाहरु, यस बैंकका सहयोगी अन्य बैंक तथा वित्तीय संस्था र निकायहरुका अतिरिक्त दिन रात यस बैंकको काममा खट्ने सहयोगी कर्मचारी मित्रहरुलाई हृदयदेखि आभार पनि प्रकट गर्नु आफ्नो कर्तव्य ठान्दछु।

१४. अन्तमा, यस बैंकको दशौं वार्षिकोत्सवको अवसरमा हाम्रो निम्तोलाई स्वीकार गरी आफ्नो अति नै व्यस्तताका वाबजुद पनि केही समय निकाली हाम्रो कार्यक्रममा प्रमुख आतिथ्य स्वीकार गरी दिनुहुने प्रमुख अतिथिज्यूलाई पुनः हार्दिक स्वागत गर्दछु। त्यस्तै मञ्चमा बस्नु भएका र अन्य विशिष्ट पाहुनाहरुले हाम्रो निमन्त्रणा स्वीकार गरी आजको यस कार्यक्रममा सहभागी हुन पाल्नु भएकोमा पुनः स्वागत र अभिवादन गर्दै विदा लिन चाहन्छु। धन्यवाद।

सफलताको कथा

## वसुन्धराको जिन्दगी बदलिदियो परिश्रमले

परिश्रमी र दृढ विश्वास भएको मानिसले सफलता प्राप्त गर्न सक्छ भन्ने कुरा बर्दिया जिल्ला सानोश्री गा० वि० स० मा रहेको साना किसान कृषि सहकारी संस्था लि० को समूह नं० १२ का सदस्य सोही गा० वि० स० को वडा नं. ४ निवासी वसुन्धरा भाटको जीवनबाट थाहा पाउन सकिन्छ। आर्थिक विपन्नताले गर्दा स्कुलसम्म देख्न नपाएकी वसुन्धरा र उनका श्रीमान् साधारण लेखपढ गर्न सक्छन्। २०५६ सालमा साना किसान कृषि सहकारी संस्था लि० को सदस्य हादा २ जना सदस्य रहेको यस परिवारको सम्पत्ति केवल खपडाको घर र १५ कठ्ठा जमिन मात्र थियो र जीवन निर्वाह गर्नसमेत कठिनाइ थियो। १२ वर्षको अवधिमा यस परिवारले गरेको सफलता जुनसुकै विपन्न वर्गका व्यक्तिहरूका लागि अनुकरणीय छ।

२०५६ सालमा साना किसान कृषि सहकारी संस्था लि० को सदस्य भएपछि लिएको रू. ९ हजार ऋण नै आफ्नो सफलताको जग भएको बताउने वसुन्धरा भाट आफ्नो सफलताको सम्पूर्ण श्रेय साना किसान कृषि सहकारी संस्थालाई दिन्छिन्। नियमित बचत र नियमित ऋण कारोवार गरी असल ऋणीका रूपमा पटकपटक प्राप्त गरेको पुरस्कारले आफ्नो व्यवसायमा झनै उत्प्रेरणा प्राप्त गरेको कुरा उनी बताउँछिन्।

हाल मासिक करिब रू. ६० हजारसम्म आम्दानी हुने वसुन्धरा भाटको एउटा पक्की घर, १ बिगाहा खेतीयोग्य जमिन, २ वटा मोटरपम्प, एउटा मोटरसाइकल तथा कुखुराको ६ वटा खोरमा करिब १२ सय कुखुरा, एउटा बँदेल र ६ वटा बङ्गुर रहेका छन् भने घरवरिपरि रहेको जमिनमा भिन्डी, गोलभेडा, काँक्रो, बोडी, लौका, केरा इत्यादि लटरम्म फलेका छन्। साना किसान कृषि सहकारी संस्थाबाट हाल लिएको ऋणरकम पशुपालन कर्जा रू. ७४,०००।- र अन्य कर्जा रू. १,२६,०००।- समेत रू. २,००,०००।- छ।

भविष्यमा माछापालन, बङ्गुरपालन र केराखेती गर्ने उद्देश्य रहे पनि साना किसान कृषि सहकारी संस्थाको ऋणसीमाका कारण पर्याप्त ऋण नपाइएको र आफूसँग पनि रकम नभएकाले इच्छा पूरा हुन नसकेकोमा उनी दुःखमनाउ गर्छिन्। भविष्यमा आफ्नो आम्दानीको रकमबाटै उक्त व्यवसाय गरेरै छाड्ने दृढता पनि उनी व्यक्त गर्छिन्। हाल तीन छोरी र एक छोरासमेत जम्मा ६ जनाको यस परिवारमा जेठी छोरीलाई एस० एल० सी० पछि भेटेरिनरी शिक्षा पढाएको, अन्य छोराछोरीहरू पनि विद्यालयमा पढ्दै गरेका तथा सबै छोराछोरीलाई उनीहरूले पढेसम्म पढाउने योजना रहेको उनी बताउँछिन्।

जीवनमा सफलता प्राप्त गर्ने चाहना हरेक मानिसको हुन्छ। आफ्ना आवश्यकताहरू पूरा गरी सफल जिन्दगी जीउने सपना बोकेका हरेक व्यक्तिलाई वसुन्धरा भाटको परिश्रमी व्यक्तित्व प्रेरणादायी छ।

प्रस्तुति : लक्ष्मण भट्टराई, साना किसान विकास बैंक लि., इलाका कार्यालय नेपालगन्ज, बाँके

# साना किसान सहकारी अनुसरण कार्यक्रम हस्तान्तरण

बाँके, १८ जेठ ।
साना किसान कृषि सहकारी संस्था लि. महादेवपुरी, बाँकेले प्रबर्द्धन गरेका कोहलपुर र रझेना सहकारी संस्थाको अनुसरण कार्यक्रम हस्तान्तरण समारोह कोहलपुरमा सम्पन्न भयो । उक्त दुवै संस्थाको हस्तान्तरण कार्यक्रमको प्रमुख आतिथ्य नेपाल सरकारका सह–सचिव बोधराज निरौलाले गर्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता साना किसान कृषि सहकारी जिल्ला संघ बाँकेका अध्यक्ष लाल बहादुर बुढाथोकीले गर्नु भएको थियो । कार्यक्रममा बाँके, बर्दिया र दाङ जिल्लाका साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष तथा प्रवन्धकहरु र साना किसान सदस्य लगायत हजारौंको संख्यामा स्थानीय किसानहरुको उपस्थिति रहेको थियो ।
हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथि सह–सचिव बोधराज निरौलाद्वारा महिला साना किसान सहकारी संस्थाहरुले सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तरमा माथि उठाउन महत्वपूर्ण भूमिका खेल्दै गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउँदै आएको बताउनु भयो । साना किसान सहकारी महादेवपुरीद्वारा प्रवर्धित अनुसरित संस्थाहरु स्थानीय साना किसानहरुको स्वामित्वमा स्थापित कोहलपुर र रझेना साना किसान कृषि सहकारी संस्थालाई हस्तान्तरण गरियो ।
कार्यक्रममा बैंकका अध्यक्ष खेम वहादुर पाठकले महादेवपुरी संस्थाले गरेको कामको उच्च मूल्यांकन भएको बताउनु भयो । सहकारीले गर्नसक्ने धेरै कामहरु छन् । सहकारीले अवका दिनमा एकै प्रकारका मात्र काम नगरी विभिन्न क्षेत्रमा आफ्ना कार्यक्रम विस्तार गर्नुपर्ने कुरामा जोड दिनु भयो । एक वर्षमा नेपालले भारत र चीनबाट रु. १५ अरबको मासु आयात गर्ने गरेको तथ्यांक प्रस्तुत गर्दै अध्यक्षले अबका दिनमा सहकारी मार्फत मासुको आयात घटाउनु पर्ने कुरामा जोड दिनु भयो । कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत जलन कुमार शर्माले बाँके जिल्लालाई साना किसान सहकारी संस्थाहरुको अग्रणी जिल्ला वनाउन सकिने भन्दै जिल्लाबासीमा केहि गर्नु पर्दछ भन्ने भावना जागृत भएको कुरा महसूस हुन आएको बताउनु भयो ।
हस्तान्तरण कार्यक्रम सम्पन्न पश्चात साना किसान कृषि सहकारी संस्था लि. चिसापानी, बाँकेको नव निर्मित भवनको उद्घाटन प्रमुख अतिथि सह–सचिव बोधराज निरौलावाट सम्पन्न भयो । उहाँले संस्थाले थोरै लागतमा पक्की भवन निर्माण गरेकोमा धन्यवाद व्यक्त गर्नु भएको थियो ।



सुर्खेत जिल्लाको हरिहरपुरमा नवप्रवर्द्धित साना किसान सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण गर्दै अर्थमन्त्रालयका सहसचिव श्री बोधराज निरौला

सुर्खेत, २० जेठ ।
भ्रमण टोलीले साना किसान कृषि सहकारी संस्था लि. उत्तरगंगा, सुर्खेतका सदस्य पवित्रा आचार्यले संचालन गरेको भैंसी, बाख्रा तथा कुखुरापालन परियोजनाको अध्ययन गरी त्यहाँबाट हरिहरपुर तर्फ प्रस्थान गरेको थियो । हरिहरपुरमा हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार अर्थमन्त्रालयका सह सचिव बोधराज निरौलाले एक भव्य समारोहका बीच कार्यक्रम तथा नव निर्मित सहकारी सामुदायिक भवनको समुद्घाटन गर्नुभएको थियो । उक्त कार्यक्रममा पंचेबाजा, नाचगान सहित ठूलो समुहले टोलीलाई भव्य स्वागत गरेको थियो । कार्यक्रममा उत्तरगंगा सहकारी संस्थाद्वारा प्रबर्धित महिला साना किसान कृषि सहकारी संस्था लि. हरिहरपुरको हस्तान्तरण गरियो । हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथिले साना किसान सहकारीको माध्यमबाट गरिवी न्यूनिकरणमा ठूलो सहयोग भएको बताउनु भयो । साथै उहाँले यस्तो कार्यक्रम नेपाल अधिराज्यका अन्य गा.वि.स.हरुमा पनि विस्तार गर्नुपर्ने सुझाव दिनुभयो ।
यसै दिन उत्तरगंगा सहकारी संस्थाद्वारा प्रबर्धित साना किसान कृषि सहकारी संस्था लि. कुनाथरीको हस्तान्तरण कार्यक्रम सम्पन्न भयो । अतिथी एवं भ्रमण टोलीलाई पंचेबाजा, नाचगान सहित ठूलो समूहले भव्य स्वागत गरेको थियो । हस्तान्तरण कार्यक्रमको प्रमुख आतिथ्य नेपाल सरकार अर्थ मन्त्रालयका सह सचिव बोधराज निरौला र अध्यक्षता साना किसान कृषि सहकारी संस्था लि.उत्तरगंगाका अध्यक्ष चाँदनी ढकालले गर्नु भएको थियो । हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथिले साना किसान सहकारीको माध्यमबाट ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गको आर्थिक, सामाजिक जीवनस्तर माथि उठाउन ठूलो सहयोग पुगेको बताउनु भयो ।

# उच्च पदस्थ अधिकारीहरूबाट विभिन्न सहकारी संस्थाहरूको अवलोकन

डडेल्धुरा, १७ जेठ ।
उच्च पदस्थ प्रतिनिधि मण्डलले मिति २०६८ जेष्ठ १७ गते शिर्ष कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. डडेल्धुराको अवलोकन अध्ययन भ्रमण गऱ्यो । उक्त संस्थाका अध्यक्ष पदम सिंह धामीले भ्रमण टोलीलाई स्वागत गर्नु भएको थियो । संस्थाका प्रबन्धक गोमती मालीले संस्थाको प्रगति प्रस्तुत गर्दै संस्थामा हाल सम्म १५६३ जना (महिला ८०५, पुरुष ७५८) सदस्य आवद्ध भएकामा जसमध्ये ३४ जना राउटे सदस्य समावेश गरिएको, शेयर पुँजी ४९३ हजार, निक्षेप १७८४ हजार, ऋण लगानीमा २४५८ हजार र असुलीदर ९९% रहेको जानकारी दिनुभयो । भ्रमण टोलीबाट संस्थालाई अझ सदस्यहरुको आर्थिक र सामाजिक जीवनस्तर माथि उठाउन तथा संस्थालाई वित्तीय रुपमा सक्षम बनाउन आवश्यक सल्लाह र सुझाव दिईएको थियो ।

दैलेख, १९ जेठ ।
मिति २०६८ जेष्ठ १९ गते लालीकाँडा कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. दैलेखको अवलोकन तथा अध्ययन भ्रमण भयो । उक्त संस्थाका अध्यक्ष भक्त बहादुर के.सी.ले भ्रमण टोलीलाई स्वागत गर्नु भएको थियो । संस्थाका प्रबन्धक ईश्वरी खड्काले संस्थाको प्रगति प्रस्तुत गर्दै संस्थामा हालसम्म ७५७ जना (महिला ३८२, पुरुष ३७५) सदस्य, शेयर पुँजी १९४ हजार, निक्षेप ९६५ हजार, ऋण लगानीमा १६५२ हजार र असुलीदर ९९% रहेको जानकारी गराउनु भयो । भ्रमण टोलीबाट संस्थालाई आवश्यक सल्लाह र सुझाव उपलब्ध गराइएको थियो ।

# आठ क्षेत्रमा स्वरोजगार कर्जा अभिमुखीकरण कार्यक्रम सम्पन्न

साना किसान विकास बैंकले नेपाल सरकार तथा अन्य राष्ट्रीय तथा अन्तर्राष्ट्रीय संघ/संस्थाहरुसँग समन्वय तथा सम्बन्ध विकास गरी नेपालका साना किसानको बृहत्तर उन्नतिका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याएको र ल्याउने प्रयास निरन्तर गर्दै आएको छ । सोही सन्दर्भमा नेपाल सरकारको ऋण सहयोगमा चालु आर्थिक बर्ष २०६७/०६८ को चैत्रदेखि रु. १ (एक) अर्ब राशीको मासुजन्य पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गरीसकेको छ । यसै गरी ग्रामीण बेरोजगारहरुलाई रोजगारीको अवसर प्रदान गर्ने उद्देस्यले बैंकले नेपाल सरकारको "युवा तथा साना व्यवसायी स्वरोजगार कोषको ऋण सहयोगमा स्वरोजगार कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याउन आवश्यक प्रक्रियाहरु तयार गरिसकेको छ । स्वरोजगार कर्जा कार्यक्रमलाई साना किसान सहकारी संस्था लि. तथा यी संस्थामा आवद्ध किसान सदस्यहरुले आफ्नै कार्यक्रमका रुपमा स्वीकार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने वातावरण तयार गर्ने अभिप्रायले बैंकले आफ्ना इलाका कार्यालयहरु क्रमश: नेपालगंज, बिर्तामोड, इटहरी, जनकपुर, हेटौंडा, बुटवल, पोखरा र गजुरीमा साना किसान सहकारी संस्थाका प्रतिनिधिहरु राखी एक/एक दिनको क्षेत्रीय स्तरमा स्वरोजगार कर्जा अभिमुखिकरण कार्यक्रम सञ्चालन सम्पन्न गरेको छ । मिति २०६७ जेठ १५ गते नेपालगंजबाट शुरु भई बुटवल, पोखरा, गजुरी, इटहरी, जनकपुर हुँदै अन्तमा यो कार्यक्रम २०६८ आषाढ १२ गते हेटौंडाबाट सम्पन्न भएको छ । यस अभिमुखिकरण कार्यक्रममा नेपाल भरका झण्डै २३५ साना किसान कृषि सहकारी संस्था लि.का अध्यक्ष तथा प्रबन्धक लगायत अन्य सरोकारवालाहरु गरी ५०० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

# साना किसान विकास बैंक लि. द्वारा सञ्चालित पशुपालन कर्जा कार्यक्रमको परिचय



– कृष्णप्रसाद लामिछाने
कार्यक्रम संयोजक

साना किसानहरूको संस्थागत विकासको प्रयास एवं उनीहरूको वास्तविक समस्याबारे स्थलगत रूपमा प्रत्यक्ष अवलोकन गर्ने उद्देश्यले साना किसान विकास बैंक र नेपाल कृषि सहकारी केन्द्रीय सङ्घको आयोजनामा २०६६ फागुन महिनामा ५ दिने उच्चस्तरीय पदाधिकारीहरूको स्थलगत भ्रमणको आयोजना भएको थियो। राष्ट्रिय योजना आयोगका तत्कालीन माननीय उपाध्यक्ष डा. युवराज खतिवडा, अर्थ मन्त्रालयका वरिष्ठ सल्लाहकार श्री केशव आचार्य, तत्कालीन अर्थ एवं कृषिसचिव क्रमशः श्री रामेश्वर खनाल तथा श्री व्रजकिशोर साह, कृषि विकास बैंक र साना किसान विकास बैंकका प्रमुख कार्यकारी अधिकृत क्रमशः श्री श्यामसिंह पाण्डे एवं जलनकुमार शर्मा लगायत सहकारी विभाग तथा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ आदिका प्रतिनिधिहरू सम्मिलित उक्त भ्रमणटोलीले बारा, चितवन, मकवानपुर र धादिङ जिल्लास्थित साना किसान कृषि सहकारी संस्थाहरूको अवलोकन गरेको थियो।

उक्त उच्चपदस्थ अवलोकन टोलीले अवलोकनका क्रममा साना किसानहरूको सामाजिक र आर्थिक विकासका लागि संस्थागत सहभागिताका माध्यमबाट समुदायको परिचालनसँगै उनीहरूले उत्पादन गरेका वस्तुको सोझो बजारमा पहुँच पुऱ्याउन र देशमा मासुजन्य पदार्थको उपभोग र माग बढ्दै गएको सन्दर्भमा मासुको आयात प्रतिस्थापन गर्न बढी आय आर्जन हुने मासुजन्य पशुपालनका लागि स्रोतव्यवस्थासहित त्यसको उचित परिचालनका लागि प्रक्रिया निर्धारण गर्न आवश्यक रहेको महसुस गऱ्यो। सोही अवलोकनको परिणामस्वरूप देशमा मासुजन्य पदार्थमा भएको ठूलो परिमाणको आयात प्रतिस्थापन गर्न पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता महसुस गरी नेपाल सरकारले आ.व. २०६७/६८ को वार्षिक कार्यक्रम तथा बजेटमा मासु उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्न पशुपालन कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिने जनाउँदै साना किसान विकास बैंक र साना किसान सहकारीमार्फत पशुपालक कृषकहरूलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन रु. १ अर्ब विनियोजन गरेको कुरा उल्लेख भएको थियो।

पशुपालन कर्जा कार्यक्रमको उद्देश्य :

- नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न तथा साना किसानहरूलाई मासुजन्य उत्पादनमा संलग्न गराई मुलुकलाई मासुको उत्पादनमा आत्मनिर्भर बनाउन र निर्यात प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने,
- विपन्न तथा साना किसानहरूलाई पशुपालन पेसाबाट दिगो आयआर्जनको आधार तयार गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने र
- पशुपालन व्यवसायमार्फत मुलुकमा व्याप्त गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउने।

पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन नीति :

- देशमा मासुजन्य पशुको सङ्ख्यामा नै वृद्धि गराई मासुजन्य उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्न नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित मासुजन्य पशुपालन कर्जा कार्यक्रम सञ्चालन गरिनेछ र प्रभावकारिताका आधारमा आगामी आर्थिक वर्षहरूमा पनि यस कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- यस कार्यक्रमको अपेक्षित लक्ष हासिल गर्न स्थानीय स्तरमा गठित साना किसान सहकारी संस्था लि. एवं सोसाग समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूमा आबद्ध सदस्यलाई सहुलियत कर्जा एवं प्राविधिक सेवा उपलब्ध गराई पशुपालन कार्यमा प्रोत्साहित गरिनेछ।
- ग्रामीण क्षेत्रका सम्भाव्य स्थानहरूमा पशुपालन पकेट क्षेत्रका रूपमा विकास गराई पशुपालनका माध्यमबाट दिगो रोजगारीको अवसर सिर्जना गरी पशुपालक किसानहरूको आयस्तरवृद्धिमा सघाउ पुऱ्याइनेछ।

पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन रणनीति :

क) कार्यक्रमको सेवा र समन्वय

- स्थानीय स्तरमा गठित सहकारी संस्थाहरूमा आबद्ध पशुपालक सदस्यमा पशुपालन कर्जा प्रवाहका लागि थोककर्जा सुविधा उपलब्ध गराई साना किसान परिवारहरूलाई संस्थागत कर्जामा पहुँच पुऱ्याएर पशुपालन व्यवसाय प्रवर्द्धन गरिनेछ।
- कार्यक्रमको सदुपयोगिता एवं प्रभावकारिताको अवस्था तथा देखिएका समस्या समाधानका लागि केन्द्रस्तरमा केन्द्रीय समन्वय समितिबाट मासिक रूपमा कार्यक्रमको समीक्षा गरिनेछ र जिल्लास्तरमा जिल्ला सहयोग समितिबाट कार्यक्रमको समीक्षा एवं अनुगमनको व्यवस्था मिलाइनेछ।
- कार्यक्रमको सघन अनुगमन एवं मूल्यांकन गर्ने व्यवस्थाका लागि बैंकबाट इलाका स्तरमा अनुगमन सहायकको व्यवस्था गरिनेछ।
- बैंकले संस्थाहरूलाई पशु प्राविधिक सेवा उपलब्ध गराउन एकजना पशुविज्ञको व्यवस्था मिलाउनेछ।
- कार्यक्रम सञ्चालन एवं कर्जा व्यवस्थापनका लागि आवश्यकताअनुसार बैंकले आफ्ना नीति, कार्यक्रम र कार्यपद्धतिहरूमा परिमार्जन गरी लागू गर्नेछ।
- बैंक, पशु सेवा कार्यालय र संस्थाको समन्वयमा पशुपालक किसानहरूलाई स्थानीय स्तरमा नै आधारभूत पशुपालन तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- उत्पादित पशु तथा पशुजन्य पदार्थको सहकारी बजारविकासका लागि सहकारी सङ्घहरूलाई परिचालित हुन प्रोत्साहित गरिनेछ।
- नेपाल सरकारको सहयोगमा संस्थाहरूमा पशुधन सुरक्षणका लागि सामुदायिक पशुधन सुरक्षण कार्यक्रम अझै व्यापक विस्तार गर्न उत्प्रेरित गरिनेछ। गुणस्तरीय र प्रभावकारी रूपमा पशुधन सुरक्षण कार्यक्रमका लागि आवश्यक पशु स्वास्थ्य कार्यकर्ता तालिम तथा क्षमता विकाससम्बन्धी व्यवस्था मिलाइनेछ।
- स्थानीय स्तरमा पशु स्वास्थ्य सेवाको व्यवस्था मिलाउन जिल्ला पशु सेवा कार्यालय, स्थानीय संस्था र अन्य सहयोगी निकायहरूबीच समन्वय गर्न संस्थाहरूलाई सबलीकरण गरिनेछ।
- पशुपालन थोककर्जा कारोबार गर्ने संस्थाहरूलाई बैंकको निर्देशनको पालना, कर्जाको सदुपयोग, कार्यक्रमको अनुगमन, निरीक्षण, कर्जा असुली र समयमा कर्जाभुक्तानी गर्न जिम्मेवार बनाइनेछ।

ख) पशु आहारा तथा पशु स्वास्थ्य

- आहाराको उपयोगतर्फ स्थानीय स्रोतको उपयोगलाई प्राथमिकता दिई सोको गुणस्तरका लागि घाास लगाउन प्रोत्साहित गरिनेछ।
- पशुहरूमा लाग्ने मुख्य रोगहरू र त्यसको उपचारका लागि पशु स्वास्थ्य कार्यकर्ता प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।
- जटिल समस्या तथा रोगका लागि पशुसेवा विभाग तथा अन्य तत्सम्बन्धी कार्य गर्ने संस्थासँग समन्वय गरी उपचार व्यवस्था मिलाइनेछ।

ग) पशुधन सुरक्षण

- पालन गर्ने पशुहरूको सुरक्षणका लागि संस्थास्तरमा पशुधन सुरक्षण समिति गठन गरी पशुधन सुरक्षण कोष सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।
- पशुधन सुरक्षणका लागि आवश्यक कोषको व्यवस्था मिलाउन सुरक्षण गर्ने पशुपालक किसानका तर्फबाट ५० प्रतिशत र अनुदान ५० प्रतिशतका हिसाबले प्रिमियम लागतको व्यवस्था गरिनेछ।

घ) पशुआपूर्ति

- नेपाल सरकार तथा अन्य तत्सम्बन्धी निकायहरूसँग समन्वय गरी माउभैंसी तथा पाडापाडी मास्ने र पोथी पशु मासुका लागि बेच्ने परिपाटीलाई निरुत्साहित गर्न पहल गरिनेछ।
- सम्भव भएसम्म भारतको बजारबाट उन्नत नस्लका भैंसी खरिद गरी ल्याउन प्रोत्साहित गरिनेछ।
- बाख्रा तथा बङ्गुरको जनसङ्ख्या छिटै वृद्धि गर्न सकिने र नस्लसुधारसमेत गर्न सकिने भएकाले स्थानीय पाठापाठी वृद्धि गर्ने र ब्रिडिङ उन्नत जातको बोका/भालेबाट गराउने कार्यलाई प्राथमिकता दिइनेछ।
- एकै ठाउमा बढी सङ्ख्यामा बाख्रापालन गर्दा त्यसबाट व्यवस्थापनमा बढी समस्या आउने भएकाले बाख्रापालन कार्यलाई क्रमशः व्यावसायीकरणतर्फ उन्मुख गराउन ५ देखि १० माउको सङ्ख्यालाई प्राथमिकता दिइनेछ।
- बङ्गुरपालनका लागि कम्तीमा ३ (तीन) वटा बङ्गुरबाट व्यवसाय सुरु गर्न प्रोत्साहित गरिनेछ।

ङ) कार्यक्रमको प्राथमिकता र प्रचार–प्रसार व्यवस्था

- मासुजन्य पशुपालन कार्यक्रमबाट ग्रामीण किसानहरूमा रोजगारीको अवसरको सिर्जना, उत्पादित प्राङ्गारिक मल, मासु तथा दूध आदिजस्ता पशुजन्य पदार्थमा अभिवृद्धि भई पशुपालक किसानको आयवृद्धिमार्फत पशुजन्य पदार्थको आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धनमा सघाउ पुग्न गई राज्यलाई बहुआयामिक प्रतिफल प्राप्त हुने भएकाले पशुपालनका लागि लगानी गर्दा प्राथमिकताक्रमअनुसार क्रमशः बाख्रा, भैंसी, पाडापाडी र बङ्गुरपालन गर्ने किसानहरूलाई ऋणसेवा उपलब्ध गराइनेछ।
- पशुपालनसम्बन्धी कृषक हातेपुस्तिका, पाठ्यक्रम र पाठ्यसामग्री विकास गरी तालिमका लागि सहजकर्ताको विकास गरिनेछ। पशुपालनमा मुख्य रूपले गोठ, आहार, स्वास्थ्य, कर्जा र अनुगमनलाई प्राथमिकता दिइनेछ।

(क्रमशः पेज ८ मा)

(पेज ७ को बाँकी)

- किसान स्तरमा गाउामा नै प्रदान गरिने एकदिने तालिमलाई प्राथमिकता दिइनेछ ।
- पशुपालनसम्बन्धी पम्पलेट, ब्रोसर, समाचार, सफलताका कथा आदि प्रकाशित गर्ने व्यवस्था मिलाइनेछ । कार्यक्रममाथि अध्ययन–अनुसन्धान गरी सो सम्बन्धी प्रतिवेदनहरू प्रकाशनमा ल्याइनेछ ।

**च) २०६८ जेठ मसान्तसम्मको कार्यक्रमको अवस्था :**
यस कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकारबाट मासुजन्य पशुपालनका लागि पशुपालन कर्जासम्बन्धी कार्यविधि, २०६८ जारी भई कार्यान्वयनमा आइसकेको अवस्था छ । नेपाल सरकारबाट आर्थिक वर्ष २०६७/६८ मा साना किसान विकास बैंक लि. बाट साना किसान सहकारी संस्था लि. हरूलाई लगानी गर्ने गरी उल्लिखित सहुलियत ऋण रकम रु. १ (एक) अर्ब निकासा भइसकेको छ । चालु आर्थिक वर्ष २०६७/६८ मा कूल १३ हजार विपन्न तथा साना किसानलाई कर्जा लगानी गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ । यसै गरी यस आर्थिक वर्ष २०६७/६८ को जेठसम्म कूल ३३ जिल्लामा यो कार्यक्रमअन्तर्गत ऋण कार्यक्रम सञ्चालन भइसकेको छ भने बाँकी अवधिमा थप ७ जिल्लामा कार्यक्रम पुर्‍याउने लक्ष्य रहेको छ ।

२०६७ चैत्रबाट संस्थाका सदस्यहरूबाट कर्जाको माग संकलन सुरु गरी सोही महिनाको अन्त्यबाट लगानी कार्य प्रारम्भ गरिएकोमा २०६८ जेठ मसान्तसम्म अर्थात् लगभग दुई महिनाको अवधिमा १५१ साना किसान कृषि सहकारी संस्थासँग आबद्ध २०४३७ जना साना किसान सदस्यबाट रकम रु. ७६ करोड ४५ लाख बराबरको पशुपालन कर्जा माग भइआएको छ । उक्त माग भएको कर्जामध्ये १४५ संस्थाका १४८८१ जनालाई लगानी गर्ने गरी बैंकले झन्डै रकम रु. ६० करोड ऋण स्वीकृत गरिसकेको छ । यसै गरी उक्त स्वीकृत कर्जामध्ये १३९ संस्थाका ७६६४ जना साना किसानलाई रकम रु. ३८ करोड ऋण लगानीसमेत भइसकेको छ । लगानी भएको ऋणमध्ये २१०५४ बाख्रा, ४५९८ बङ्गुर, १९२२ पाडापाडी र २४३५ वटा भैंसीपालनका लागि ऋण प्रवाह भएको छ । अहिलेसम्म लगानी भएको ऋणमा ४५ प्रतिशत बाख्रा, १३ प्रतिशत बङ्गुर, ४ प्रतिशत पाडापाडी र ३८ प्रतिशत रकम भैंसीपालनमा लगानी भएको देखिन्छ ।

**घ) आगामी वर्षहरूमा कार्यक्रमको निरन्तरता :**
कार्यक्रमको निरन्तरता त्यसको उपलब्धि र प्रभावकारितामा आधारित हुन्छ । त्यसैले पशुपालन कर्जा कार्यक्रमलाई शतप्रतिशत सदुपयोग हुने हिसाबले अपेक्षित प्रतिफल प्राप्त गर्ने आधारमा व्यवस्थित र सघन अनुगमन प्रणालीको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ । टोलस्तरमा समूह, गाउँस्तरमा अन्तरसमूह, गा. वि. स. स्तरमा साना किसान कृषि सहकारी संस्था, जिल्लास्तरमा जिल्ला सहयोग समिति, इलाकास्तरमा बैंकको इलाका कार्यालय र केन्द्रस्तरमा साना किसान विकास बैंक, नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ र पशुपालन कर्जा केन्द्रीय समन्वय समितिले कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था गरिएको छ । यस हिसाबले यो कार्यक्रम साना किसान, सहकारी संस्था, बैंक र राष्ट्रकै हितमा ठीक ढङ्गबाट अगाडि बढ्ने क्रममा रहेको छ । त्यसैले साना किसान विकास बैंकले नेपाल सरकारसँग समन्वय गरी आगामी आर्थिक वर्षहरूमा पनि पशुपालन कर्जा कार्यक्रमलाई निरन्तरता दिई थप साना किसानहरूमा पशुपालन कर्जा सेवा पुर्‍याउने लक्ष्य राखेको छ । नेपालमा अभियानकै रूपमा पशुपालन कार्यक्रम सञ्चालन गर्न सम्बद्ध सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

## फुसको घरदेखि पेट्रोल पम्पको मालिकसम्म - प्रस्तुति : एकराज उप्रेती, मनहरी – ४, मकवानपुर

नारायणी अञ्चल मकवानपुर जिल्ला मनहरी गा. वि. स. वडा नं. ४ निवासी वर्षले ४८ वसन्त पार गरिसकेका रामशरण कालाखेती साना किसान कृषि सहकारी संस्था लि. मनहरीको समूह नं. १ ख का अग्रणी कृषक सदस्य हुन् । हाल उनी १८ जनाको संयुक्त परिवारका साथ सफल कृषक र व्यावसायिक व्यक्तिका रूपमा गाउँमा परिचित छन् ।



रामशरण कालाखेतीको पहिलाको घर (बाँया) र हालको घर (दायाँ)

समूहमा प्रवेश गर्नुभन्दा अघि उनको परिवार ११ जनाको थियो । खेत र बारीसमेत १ विगाहा जग्गाजमिन र फुसको छानो भएको घर थियो । परिवारको शिक्षा र आर्थिक अवस्था कमजोर रहेको थियो । त्यस्तो अवस्थाबाट गुज्रिएर परिवारको जीविकोपार्जन गरिरहेका उनी तत्कालीन कृषि विकास बैंक साना किसान विकास आयोजनाका आयोजनाप्रमुख बद्रीरमण शर्माको प्रेरणाबाट समूहमा बसे । समूहसँग भाइचाराको नाता बढाउँदै बचत जम्मा गर्दै जाँदा भविष्यमा आर्थिक सहारा मिल्ने र आफूले गर्न खोजेको व्यवसायमा आवश्यक ऋण सहयोग पनि मिल्ने आदि प्रेरणा उनले पाएका थिए । २०३७ भाद्र १९ गते समूहमा आबद्ध भएका उनी समूहमा बसेको पनि हाल ३० वर्ष भइसक्यो । साना किसान विकास आयोजना ज्यामिरेको समूहमा बसी सुरुमा भैंसीपालनमा रु. १५००।- बाट ऋण कारोबार सुरु गरेका उनको खासै प्रगति १४/१५ वर्षसम्म भएको थिएन । भएको जग्गाजमिन पनि २०५० सालको भीषण बाढीका कारण बगरमा परिणत भयो । भएको जायजेथा भीषण बाढीले टुङ्ग्याउँदा पनि हरेस नखाई जीवनमा केही गर्नुपर्छ भनी २०५३ सालदेखि रु. ३००००।- ऋण कारोबारबाट ५०० वटा कुखुरापालन गरी व्यवसाय सुरु गरेका उनी कुखुरापालन व्यवसायकै लागि १५/१६ पटकसम्म संस्थाबाट ऋण लिइसकेको बताउँछन् । त्यही ऋणको उपयोगबाट हाल ५००० वटा कुखुरापालन गर्ने व्यवसायी हुन सफल भएका छन् उनी । उनले यसै व्यवसायबाट सफलता हासिल गरी हाल हाइवेमा पक्की दुईतले घर निर्माण गरेका छन् भने एउटा ट्याक्टर, २ वटा एलपी ट्रक खरिद गरी राम्रो आम्दानी लिइरहेका छन् । उक्त व्यवसायवाट ६/७ जनालाई रोजगार दिन सक्नु उनको सबल आर्थिक पक्ष हो । २०५८ सालदेखि साना किसान कृषि सहकारी संस्था लि. मनहरीको ग्रिनकार्ड सदस्यको हैसियतमा सक्रिय असल ऋणीका रूपमा उनी परिचित छन् । संस्थामा उनले समूह बचत, ग्रा. सु. कोष, व्यक्तिगत बचत र बालबचत गरी हाल सात लाख बचत गरेको देखिन्छ । संस्थाबाट ऋण कारोबार गरी व्यवसाय सञ्चालन गरेर सफल भएका उनले २०६८ वैशाख १ गतेदेखि नयाँ व्यवसायका रूपमा दीपशिखा आयल ट्रेडर्स मनहरी – ४ को पेट्रोल पम्प एक करोडभन्दा माथिको राशीमा खरिद गरेर थप ४ जनालाई रोजगारी दिएका छन् । हाल उनले साना किसान संस्थाबाट रु. ५ लाख विशेष ऋण कारोबार गरिरहेका र अब संस्थाबाट मात्र ऋण नपुग्ने भएकाले नपुग ऋण क वर्गको बैंकबाट लिने लक्ष्य रहेको बताउँछन् ।

“म यस संस्थामा आबद्ध नभएको भए सामूहिक भावनाको विकास हुँदैनथ्यो होला । वित्तीय कारोबारसम्बन्धी ज्ञान नभई हाल मैले गरेझैं क्रमिक व्यवसाय विस्तार गरी स्वावलम्बी बन्ने अवस्थामा आइपुग्ने नै थिइनँ र सामूहिक भावनाबाट ओतप्रोत भई १८ जनाको संयुक्त परिवारका साथ आफ्नो व्यवसाय सञ्चालन गरेर उदाहरणीय कृषक बन्न सफल हुने थिइनँ होला । गाउँका लगनशील, इमानदार, परिश्रमी र केही गरेर उदाहरणीय बन्छु र समाजलाई केही गर्छु भन्ने साना किसानहरूको यो आफ्नै संस्था हो । वास्तवमा सहकारी संस्था गाउँका आर्थिक रूपमा कसैले नपत्याउने गरिब साना किसानहरूको बचत संकलन, परिचालन, सहुलियत ब्याजदरमा ऋण सहयोग, नेतृत्व विकास, सीपमूलक तालिम, सामाजिक सामुदायिक विकासका क्षेत्रमा देशको एउटा अभिन्न अङ्ग हो ।” – उनी भन्छन् । साना किसान कृषि सहकारी संस्थाले साना किसानहरूलाई व्यावसायिक तालिम दिई निर्वाहमुखीभन्दा पनि व्यवसायमुखी कर्जालगानी आजको आवश्यकता हो, ऋणी सदस्यसँगको सम्बन्ध सुमधुर राख्नुपर्दछ, यो सहकारी संस्था ग्रामीण साना किसानहरूको आर्थिक, सामाजिक र साङ्गठनिक विकासमा एउटा कोसेढुङ्गा सावित भएको छ, सहकारी संस्था भविष्यमा पनि गरीब साना किसानहरूको आँखाको नानी बन्नुपर्दछ भन्छन् उनी । ...म निर्वाहमुखी व्यवसाय गर्न छाडी व्यवसाय छनोट गरेर व्यवसायमुखी भई संस्थाबाट लिएको ऋणलाई सही सदुपयोग गर्न र विशेष रूपमा बचत गर्न साना किसानहरूलाई आग्रह गर्दछु पनि उनी भन्छन् ।

वास्तवमा हाम्रो साना किसान समूह नं. १ ख का सदस्य रामशरण कालाखेती उदाहरणीय किसान बन्नुमा धेरै कारण छन् । ती हुन् संस्थागत भावनालाई आत्मसात गर्नु, लिएको ऋणलाई सही उपयोग गर्नु, बचत कार्यलाई निरन्तरता दिनु, आफ्नो व्यवसायलाई सफल बनाउन जस्तोसुकै कठिनाइसँग सामना गर्न निरन्तर लागिपर्नु, सधैं सकारात्मक भावना लिई अगाडि बढ्नु, आफ्नो व्यवसायप्रति सबै परिवारलाई एकताबद्ध बनाई अगाडि बढ्नु र समयलाई सदुपयोग गर्न सफल हुनु । यिनै कारणले रामशरण कालाखेती अनुकरणीय र उदाहरणीय भए ।




रामशरण कालाखेती आफ्नै पेट्रोल पम्पमा

यस सफलताको कथाबाट देशभरिका साना किसान सदस्यहरूले प्रेरणा लिई सफल किसानका रूपमा आफूलाई उभ्याउन सके हाम्रो देश नेपाल कृषिउत्पादनमा आत्मनिर्भर भई सफल कृषिप्रधान देश बन्नेछ ।